नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

स्थापित वि.सं. १९९४

## प्रधान कार्यालय
## कर्जा असुली विभाग

## नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

**(प्रकाशित मिति २०८१/०९/०८)**

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखाहरुबाट कर्जा पार्टीहरुले उपभोग गरेका कर्जाहरुको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो सो को मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०९/२२ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी वोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आव्हान गरिएको छ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ।

२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ।
बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात मिति २०८१/०९/२२ गते) को भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थिति तथा अन्य प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री केडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तिमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानतपत्र वा :बलबनभचक ऋजभत्रगभर न्ययम यचक एबवकभलत ऋजभत्रगभ धरौटी बापत पेश गर्नुपर्नेछ।

४. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। सोको कारण बोलपत्रदातालाई दिइने छैन।

६. जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ।

८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ।

९. निम्न उल्लेखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।

१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नविकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१२. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन।

### तपसिल

**लाजिम्पाट शाखा**

**कर्जा भएको शाखा : लाजिम्पाट शाखा, शिल्ड टेण्डर बुझाउने स्थान : प्र.का. कर्जा असुली बिभाग**

**१. ऋणीको नाम :– आरभ ट्रेड एण्ड इन्टरनेशनल प्रा.लि. सञ्चालकहरुः रुची मितल, अभिषेक अग्रवाल र कुन्दन थापा मगर ठेगाना : ललितपुर-३, ललितपुर**

| सवारीको विवरण | फाराम दस्तूर |
|---|---|
| नेपाल बैंक लिमिटेड (ऋणी आरभ ट्रेड एण्ड ईन्टरनेशनल प्रा.लि.) को नाममा सवारी दर्ता नं बागमती प्रदेश–०१, ०२८ च ३९९५ रहेको NEXON EV CAR (Engine Number TZ230XS56FJ22043614, Chasis Number MAT635011NLP15692, Made year 2023) | रु. १०००/– |
| नेपाल बैंक लिमिटेड (ऋणी आरभ ट्रेड एण्ड ईन्टरनेशनल प्रा.लि.) को नाममा सवारी दर्ता नं बागमती प्रदेश–०१, ०२८ च ०८१७ IONIQ 5.00 EV CAR (Engine Number EM17N3X8401D, Chasis Number KMHKM81BUNU094963, Made Year 2022) | रु. ३०००/– |

**२. ऋणीको नाम :– आरभ ट्रेड एण्ड इन्टरनेशनल प्रा.लि. सञ्चालकहरु : रुची मित्तल, अभिषेक अग्रवाल र कुन्दन थापा मगर ठेगाना : ललितपुर-३, पुल्चोक, ललितपुर**

| जग्गाधनीको विवरण | ठेगाना | सुरक्षणको विवरण | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | | कि. नं. | क्षेत्रफल (रोपनी) | | |
| रुची मित्तल | ललितपुर जिल्ला, साबिक गोदामचौर - ३ | १३३५<br>१३३७ | १-१२-२-०<br>०-१३-१-० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००।- |
| रुची मित्तल | ललितपुर जिल्ला, साबिक गोदामचौर - ३ | १३३६<br>१३३८ | २-१-०-०<br>१-१-०-० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००।- |